आज मिति २०८३ साल भाद्र ११ गते बिहीवारका दिन यस मण्डनदेउपुर नगरपालिकाका नगर प्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम ७५औं बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | Sun | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री अमृत कुमार धिताल | | |
| २४ | वडा सदस्य ५ | | राजेन्द्र तामाङ | | |
| २५ | | | | | |
| २६ | | | | | |
| | | | | | |

## २०८३/०५/११ गतेको नगर कार्यपालिकाको ७५^औं^ बैठकको एजेन्डाहरू

1. मिति २०८३/०४/२६ गतेको नगर कार्यपालिकाको ७४^औं^ बैठकको समिक्षा सम्बन्धमा।
2. आ.व. २०८३/८४ को दहत्तर वहत्तरको ठेक्का सम्बन्धमा ।
3. नगरकोट क्षेत्रमा भएको सरकारी तथा सार्वजनिक जग्गा सिमाङ्कनको प्रगति जानकारी गराउने सम्बन्धमा ।
4. जग्गा वर्गिकरण सम्बन्धमा ।
5. विविध

निर्णय नं. १

मिति २०८३/०४/२६ गते बसेको कार्यपालिकाको ... बैठकको तपसिल बमोजिमको निर्णयहरु समिक्षा गरियो।

| निर्णय नं. | प्रमाणित निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | आ.व.२०८२/८३ को कार्यप्रगति तथा वार्षिक प्रगति समिक्षा सम्बन्धमा। | कार्यान्वयन हुन बाँकी | |
| २ | भूमि प्रशासन संचालनका लागि आवश्यक जनशक्ति तथा नगरपालिकाको अन्य रिक्त दरवन्दीमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| ३ | मण्डनदेउपुर नगरपालिकाको भवन नक्सापास, अभिलेखीकरण तथा भवन नियमित गर्ने सम्बन्धी कार्यविधि, २०८३ पेश गर्ने सम्बन्धमा । | कार्यान्वयनको चरणमा रहेको | |
| ४ | आर्थिक सहयाता सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| ५ | काभ्रे भू.पू. सैनिक सेक्यूरिटी सप्लायर्स मार्फत कार्यरत सुरक्षा गार्डहरुको पारिश्रमिक सम्बन्धमा । | कार्यान्वयन भईसकेको | |
| ६ | बेरुजु फछ्यौट/ सम्परिक्षण सम्बन्धमा । | कार्यान्वयन भइसकेको | |
| ७ | मण्डनदेउपुर नगरपालिकामा रहेको स्काभेटर मर्मत गरि संचालन गर्ने सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| ८ | कार्यरत अवस्थामा मृत्यू भएका विद्यालयका शिक्षक कर्मचारीको आर्थिक सहायता सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| ९ | मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा बैक काउन्टर संचालन गर्ने सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| १० | मण्डनदेउपुर नगरपालिका वडा नं. ३ स्थित ठुलीचौरको जग्गा नाप जाँच सम्बन्धमा । | कार्यान्वयन हुनं बाँकी | |
| ११ | विविध:<br>१.आधारभुत अस्पतालमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) सञ्चालन गर्ने सम्बन्धमा ।<br>२.नगरपालिकाको विपद् व्यवस्थापन समितिको बैठक बस्ने सम्बन्धमा।<br>३.नगरपालिकाबाट अनुदानमा सञ्चालित कार्यक्रमको अनुगमन समन्बन्धमा।<br>४.नगरपालिकाको बजार क्षेत्र अनुगमन सम्बन्धमा।<br>५.कवाडी करको ठेक्का सम्बन्धमा।<br>६.नगर प्रहरी भर्ना सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |

निर्णय नं. २

आ.व.२०८३/०८४ को इन्द्रावती नदिको दहत्तर बहत्तरको ठेक्का आव्हानको लागि EIA प्रतिवेदनमा उल्लेख भएको प्रमाणित परिमाण १,२४,५६,५४० व.फि. को आधारमा रु.९,८५,३१,२३१.४० (अक्षेरेपी नौ करोड पचासी लाख एकतीस हजार दुइ सय एकतीस रुपैया चालीस पैसा) मात्र मु.अ. कर सहति २०८३ आश्विन १ गतेबाट लागु हुने गरी ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. ३
मण्डनदेउपुर नगरपालिका वडा नं. १, वडा नं. २ र वडा नं. ३ को माथिल्लो भेगमा पर्ने नगरकोट क्षेत्रको सरकारी तथा सार्वजनिक जग्गा नाप जाँच तथा सिमाङ्कन गरी व्यवस्थित गर्ने कार्य भइरहेको हुँदा उक्त क्षेत्रमा हालसम्म भएको प्रगतिको जानकारी गराइयो। साथै सो क्षेत्रमा नापनक्सा हुन बाँकी सम्पूर्ण क्षेत्रको यथाशिघ्र नापनक्साको कार्य अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ४.
यस मण्डनदेउपुर नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण संशोधन गर्नुपर्ने भएकोले स्थानीय भू-उपयोग समितिलाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ५ विविध

५.१. मिति २०८३/०५/१० गते भोटेकोशीको विनाशकारी बाढीमा रसुवा, नुवाकोट र धादिङमा ठुलो जनधनको क्षति भएकोमा दिवंगत आत्माहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विपद् उद्धार तथा राहतको लागि यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुको ५ (पाँच) दिन र कर्मचारीहरु तथा शिक्षकहरुको ३ (तीन) दिनको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो। साथै उक्त बाढीबाट सबैभन्दा धेरै प्रभावित भएका तपसिल बमोजिमका पालिकाहरुमा यस नगरपालिकाको तर्फबाट देहाय अनुसारको राहत रकम सम्बन्धित पालिकाको विपद् कोषमा जम्मा गर्ने निर्णय गरियो।

| क्र.सं | जिल्ला | पालिकाको नाम | राहत रकम |
|---|---|---|---|
| १ | रसुवा | उत्तरगया गाउँपालिका | ५०००००/- |
| २ | रसुवा | गोसाई कुण्ड गाउँपालिका | ३०००००/- |
| ३ | नुवाकोट | विदुर नगरपालिका | ४०००००/- |
| ४ | नुवाकोट | किस्पाङ गाउँपालिका | ३०००००/- |

५.२. मण्डनदेउपुर नगरपालिका, बनेपा नगरपालिका र चाँगुनारायण नगरपालिकाको सिमानामा पर्ने नगरकोटमा रहेको रत्नचुडेश्वर महादेव पोखरीमा मिति २०८३/०५/१२ गतेका दिन जनै पूर्णिमा मेलाको उपलक्ष्यमा यस नगरपालिकाको तर्फबाट निःशुल्क पिउने पानी वितरण गर्न रु.१ लाख आ.व. २०८३/०८४ नीति तथा कार्यक्रम र बजेटको क्र.सं. १६९ भैपरी आउने योजना तथा कार्यक्रमहरु शिर्षकबाट बजेट व्यवस्थापन गर्ने तथा हेल्थ डेस्क राख्ने निर्णय गरियो।

५.३.

| | |
|---|---|
| क. | यस नगरपालिका वडा नं.८ निवासी अनुप पौडेल (प्रोड्युसर) को टिमले तयार पारेको "Elephants in the fog" (तिनीहरु) नामक डकुमेन्ट्री फिल्मले २०२६ कान्स फिल्म फेस्टिवलमा जुरी पुरस्कार विजेता भएकोमा निजलाई २०८३/०५/१६ गते नगरपालिकाको तर्फबाट सम्मान गर्ने निर्णय गरियो। |
| ख. | यस नगरपालिका वडा नं.८ निवासी अन्जना शाहीले पोर्चुगलमा आयोजित २१औं विश्व केम्पो |

| | |
|---|---|
| | च्याम्पियनशिपमा सहभागी भई १ कास्य र २ रजत पदक र टर्कीमा आयोजित २२औं विश्व केम्पो च्याम्पियनशिपमा सहभागी भई १ कास्य पदक प्राप्त गर्नु भएकोमा निजलाई २०८३/०५/१६ गते नगरपालिकाको तर्फबाट सम्मान गर्ने निर्णय गरियो। |
| ग. | यस नगरपालिका वडा नं.६ निवासी रबिन नेपालले पोखरामा आयोजित ९औं राष्ट्रिय खेलकुद बक्सिङ ८६ केजि विधामा स्वर्ण पदक प्राप्त गर्नु भएको र २०२३ चिनमा आयोजित १९औं एसीयाली गेममा बक्सिङ ९२ के.जि. विधाका सहभागी हुनु भएकोमा निजलाई २०८३/०५/१६ गते नगरपालिकाको तर्फबाट सम्मान गर्ने निर्णय गरियो। |
| घ. | यस नगरपालिका वडा नं.६ निवासी दिलिप दनुवारले भारतमा आयोजित TVS ARE Race Championship-2026, 310CC विधामा प्रथम हुनु भएकोमा निजलाई २०८३/०५/१६ गते नगरपालिकाको तर्फबाट सम्मान गर्ने निर्णय गरियो। |
| ङ. | यस नगरपालिका वडा नं.१० निवासी श्रीजल श्रेष्ठले श्रीलकांमा आयोजित प्रथम दक्षिण एसीयाली अन्तराष्ट्रिय तेक्वान्दो च्याम्पियनसिप- २०२३ मा दोस्रो हुनु भएकोमा निजलाई २०८३/०५/१६ गते नगरपालिकाको तर्फबाट सम्मान गर्ने निर्णय गरियो। |
| च. | यस नगरपालिका वडा नं.१० निवासी सुस्मिता नेपालले विभिन्न अन्तराष्ट्रिय सुटिङ च्याम्पियनसिपमा सहभागी हुनु भएकोमा निजलाई २०८३/०५/१६ गते नगरपालिकाको तर्फबाट सम्मान गर्ने निर्णय गरियो। |

५.४. पशु लिफ्टिङ मेसिन २ वटा खरिदका लागि आवश्यक रुकम रु.२०००००/- (अक्षेरेपी दुई लाख) मात्र आ.व. २०८३/०८४ नीति तथा कार्यक्रम र बजेटको क्र.सं. १६९ भैपरी आउने योजना तथा कार्यक्रमहरु शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।